# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५)जनकपुरधाम,नेपाल, चैत्र २४ गते,२०७८साल(अतिरिक्ताङ्क ६

भाग २

## मधेश प्रदेश सरकार

## उद्योग,पर्यटन तथा वन मन्त्रालय

## प्रदेश उद्योग व्यवस्थापन नियमावली, २०७८

प्रदेश उद्योग व्यवस्थापन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद– १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश उद्योग व्यवस्थापन नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस नियमावलीमा,-

(क) "औद्योगिक क्षेत्र" भन्नाले प्रदेशको औद्योगिक विकास गर्ने प्रयोजनको लागि प्रदेश सरकारले ऐनको दफा २० बमोजिम औद्योगिक क्षेत्र भनी तोकेको स्थान सम्झनुपर्छ।

(ख) "उद्योग" भन्नाले ऐनको दफा १४ बमोजिमको उद्योग सम्झनुपर्छ।

(ग) "उद्योग दर्ता गर्ने निकाय" भन्नाले मधेश प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय सम्झनुपर्छ।

(घ) "ऐन" भन्नाले प्रदेश उद्योग व्यवस्थापन ऐन, २०७७ सम्झनु पर्छ ।

(ङ) "केन्द्र" भन्नाले ऐनको दफा ३१ बमोजिम स्थापना तथा सञ्चालन भएको एकल बिन्दु सेवा केन्द्र सम्झनुपर्छ।

(च) "कार्यालय" भन्नाले जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय सम्झनुपर्छ।

(छ) "बोर्ड" भन्नाले ऐनको दफा १६ बमोजिम गठन भएको उद्योग प्रवर्द्धन बोर्ड सम्झनुपर्छ।

(ज) “विभाग” भन्नाले ऐन बमोजिम उद्योग दर्ता, प्रशासन र नियमन गर्न गठन भएको उद्योग विभाग सम्झनु पर्छ । सो शब्दले उद्योग विभाग गठन भई नसकेको अवस्थामा हाल कायम रहेको उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय समेतलाई सम्झनु पर्दछ ।

(झ) “मन्त्रालय” भन्नाले मधेश प्रदेश सरकारको उद्योगसँग सम्बन्धित विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ञ) “महिला उद्यमी" भन्नाले महिलाको पूर्ण स्वामित्वमा दर्ता भएको उद्योगको धनी वा सञ्चालकलाई सम्झनु पर्छ ।

## परिच्छेद– २

## उद्योग दर्तासम्बन्धी व्यवस्था

३. <u>निवेदन दिनुपर्नेः</u> (१) उद्योग स्थापना गर्न चाहने व्यक्तिले देहायका विवरण र कागजात सहित उद्योग दर्ताको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष अनुसूची – १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) अनुसूचि -२ बमोजिमको परियोजना प्रस्ताव,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) निवेदक कम्पनी भए, कम्पनीको दर्ता प्रमाणपत्र, प्रबन्धपत्र, नियमावलीको प्रतिलिपि, समेत

(घ) साझेदारीमा उद्योग स्थापना गर्न चाहेको भए साझेदारबीच भएको सम्झौताको प्रतिलिपि,

(ङ) उद्योग दर्ता गर्न अन्य निकायको सहमति वा सिफारिस आवश्यक पर्ने भए त्यस्तो निकायको सहमति वा सिफारिसपत्र,

(च) उद्योग रहने स्थानको नक्साङ्कन सहितको विवरण,

(छ) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भए सोको अधिकृत वारेशनामा,

(ज) उद्योग स्थापना गर्ने क्षेत्रको स्थानीय तहको सिफारिस र आवश्यकतानुसारको मुचुल्का समेत।

(२) उपनियम (१) बमोजिम उद्योग दर्ताको लागि निवेदन दिंदा निवेदकले अनुसूची– २ बमोजिमको ढाँचामा परियोजना विवरण तयार गरी निवेदनसाथ पेश गर्नु पर्नेछ ।

तर घरेलु उद्योगले परियोजना विवरण तयार गर्नुपर्ने छैन ।

(३) उपनियम (१) बमोजिम निवेदन दिँदा उद्योग दर्ता गर्ने निकायले निर्धारण गरे बमोजिम विद्युतीय माध्यमबाट समेत निवेदन दिन सकिनेछ ।

४. <u>प्रमाणपत्र दिनुपर्ने:</u> (१) नियम ३ बमोजिम प्राप्त निवेदन उपर उद्योग दर्ता गर्ने निकायले निवेदन साथ सम्पूर्ण विवरण वा कागजातहरु पेश भए नभएको सम्बन्धमा जाँचबुँझ गरी सम्पूर्ण विवरण वा कागजातहरु प्राप्त भएको देखिएमा उद्योग दर्ता गर्ने निकायले सो उद्योग तीन दिन भित्रमा दर्ता गरी निवेदकलाई अनुसूची– ३ बमोजिमको ढाँचामा उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दिइने उद्योग दर्ताको प्रमाणपत्रमा उद्योग दर्ता गर्ने निकायले प्रमाणपत्रमा देहायका कुराहरु खुलाउनु पर्नेछः

(क) उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

(ख) ऐनको दफा ५ को उपदफा (३) मा उल्लेख गरिएका विवरणहरु ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग दर्ता गर्न नमिल्ने देखिएमा उद्योग दर्ता गर्ने निकायले सोको आधार र कारण प्रष्ट रुपमा खुलाई सोको जानकारी तीन दिनभित्र निवेदकलाई दिनु पर्नेछ ।

५. <u>बोर्डको अनुमति लिनुपर्नेः</u> (१) ऐनको दफा ६ को उपदफा (१) मा उल्लिखित कुनै उद्योग दर्ता गर्न चाहने व्यक्तिले बोर्डको अनुमति प्राप्त गर्न अनुसूची– ४ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय मार्फत बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पेश गर्दा नियम ३ बमोजिम उद्योग दर्ताको लागि आवश्यक विवरण र कागजात संलग्न गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर बोर्डबाट अनुमति दिने निर्णय भएमा सोको लिखित जानकारी बोर्डले उद्योग दर्ता गर्ने निकायलाई निवेदन परेको पन्ध्र दिन भित्र पठाउनु पर्नेछ।

(४) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर कारवाही हुँदा बोर्डबाट अनुमति प्रदान नगर्ने निर्णय भएमा त्यसको

आधार र कारण खुलाई उद्योग दर्ता गर्ने निकायले सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम अनुमति दिने गरी भएको निर्णयको जानकारी प्राप्त गरेपछि उद्योग दर्ता गर्ने निकायले निवेदकलाई अनुसूची–५ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम अनुमति प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र निवेदकले उद्योग दर्ताको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनुपर्नेछ ।

(७) उपनियम (६) बमोजिम प्राप्त निवेदनमा प्रचलित कानुनमा उल्लेखित प्रकृया पूरा भएकोमितिले पन्ध्र दिन भित्र उद्योग दर्ता गरी उद्योग दर्ता गर्ने निकायले निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(८) उपनियम (६) बमोजिम उद्योग दर्ताको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले सो अवधिभित्र उद्योग दर्ताको लागि निवेदन नदिएमा त्यस्तो अनुमति स्वतः रद्द हुनेछ ।

तर काबू बाहिरको परिस्थिति उत्पन्न भएको कारणले निवेदन दिन नसकिएको हो भने त्यस्तो काबू बाहिरको परिस्थिति समाधान भएको मितिले बढीमा सात दिनभित्र निवेदन दिन सकिनेछ ।

६. <u>अवधि थपको लागि निवेदन दिन सक्नेः</u> (१) कुनै उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकी त्यस्तो अवधि बढाउनुपर्ने भएमा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त

हुनुभन्दा कम्तीमा एक महिना अगाडि त्यसरी अवधि बढाउनुपर्ने आधार र कारण सहित अनुसूची– ६ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकायसमक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा उद्योग दर्ता गर्ने निकायले प्राप्त निवेदनको सम्बन्धमा निवेदकबाट थप कुनै विवरण, कागजात वा जानकारी माग गर्नुपर्ने देखेमा सात दिनभित्र त्यस्तो विवरण, कागजात वा जानकारी माग गरी आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा उद्योग दर्ता गर्ने निकायले त्यस्तो विवरण, कागजात वा जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र देहायका आधारहरु समेत विचार गरी उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिमा बढीमा एक वर्षको लागि त्यस्तो उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप गर्न सक्नेछः

(क) उद्योगको प्रकृति,

(ख) उद्योग सञ्चालनमा ल्याउनका लागि हालसम्म भएको प्रगति,

(ग) अवधि थप गर्नु पर्ने औचित्य ।

(४) उपनियम (२) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा म्याद थप गर्न नसकिने भएमा पन्ध्र दिनभित्र उद्योग दर्ता गर्ने निकायले निवेदकलाई सोही व्यहोराको जानकारी दिनुपर्नेछ।

७. <u>उद्योग स्थानान्तरणका लागि स्वीकृति लिनुपर्नेः</u> (१) कसैले आफूले सञ्चालन गरी आएको उद्योग सो स्थानबाट अन्यत्र स्थानान्तरण गर्न

चाहेमा देहायका विवरण र कागजात सहित अनुसूची –७ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछः

(क) उद्योग स्थानान्तरण गर्ने सम्बन्धमा कम्पनीको सञ्चालक समिति, साझेदार वा प्राइभेट फर्मको प्रप्राइटरले गरेको निर्णय,

(ख) उद्योग स्थानान्तरण गरिने क्षेत्रको स्थानीय तहको सिफारिस र आवश्यकतानुसार मुचुल्का समेत,

(ग) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्ने भएमा सोको स्वीकृत प्रतिवेदन,

(घ) उद्योग सञ्चालन गर्दा ऐन वा प्रचलित कानून बमोजिम कुनै छुट, सुविधा वा सहुलियत प्राप्त गरेको भए त्यस्तो छुट, सुविधा वा सहुलियत प्रदान गर्ने निकायको सहमति,

(ङ) अनुसूची– २ बमोजिमको परियोजनाको अद्यावधिक विवरण ।

(च) उद्योग स्थानान्तरण गरी सञ्चालन गर्न सकिने अनुमानित अवधि ।

(२) कसैले आफूले अन्य प्रदेशमा सञ्चालन गरी आएको उद्योग यस प्रदेशमा सञ्चालन गर्ने गरी स्थानान्तरण गर्न चाहेमा सो प्रदेशको उद्योग दर्ता गर्ने निकायको स्वीकृति र उपदफा (१) को खण्ड (क) देखि खण्ड (च) सम्म उल्लिखित कागजात सहित अनुसूची–७ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृति दिन मनासिव देखिएमा उद्योग दर्ता गर्ने निकायले देहायका कुराहरु उल्लेख गरी अनुसूची–८ बमोजिमको ढाँचामा उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ ।

(क) उद्योग स्थानान्तरण गरी उद्योग सञ्चालनमा ल्याउनु पर्ने अवधि,

(ख) उद्योगले पालना गर्नुपर्ने शर्त ।

(४) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृति दिन मनासिव नदेखिएमा सोको प्रष्ट आधार र कारण खुलाई उद्योग दर्ता गर्ने निकायले सोको जानकारी सात दिनभित्र निवेदकलाई दिनु पर्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम हदबन्दीभन्दा बढी जग्गा राख्ने सुविधा प्राप्त उद्योग र विशेष आर्थिक क्षेत्रभित्र स्थापना भएको उद्योगलाई स्थानान्तरणको लागि स्वीकृति प्रदान गरिने छैन ।

८. <u>विवरण उपलब्ध गराउनु पर्ने:</u> (१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपश्चात् प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र देहायका विवरण वा कागजात उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछः-

(क) प्रचलित कानून बमोजिम लेखापरीक्षण गराउनुपर्ने निकायको हकमा लेखा परीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) उद्योगको स्वीकृत र संचालित क्षमता,

(घ) अनुसूची–९ बमोजिमको ढाँचामा तयार गरेको अद्यावधिक विवरण ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योग एक आर्थिक वर्षभन्दा बढी बन्द भएमा वा कुनै कारणले उत्पादन वा कारोबार नभए पनि उक्त अवधिको शून्य विवरण बुझाउनु पर्नेछ ।

(३) उपनियम (१), (२) बमोजिमको विवरण वा कागजात उद्योग दर्ता गर्ने निकायले निर्धारण गरे अनुसार विद्युतीय माध्यमबाट पनि पेश गर्न सकिनेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम विवरण वा कागजात प्राप्त भएपछि उद्योग दर्ता गर्ने निकायले आफ्नो अभिलेख अद्यावधिक गरी सोको जानकारी सात दिनभित्र सम्बन्धित उद्योगलाई दिनु पर्नेछ ।

९. <u>उद्योग बन्द गरेको जानकारी दिनुपर्ने:</u> (१) यस ऐन बमोजिम दर्ता भएको उद्योग सम्बन्धित उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार स्थगन गरेमा सोको जानकारी उद्योग दर्ता गर्ने निकायलाई अनुसूची–१० बमोजिमको ढाँचामा दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको जानकारी उद्योग बन्द गरेको वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार स्थगन गरेको मितिले सात दिनभित्र दिनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम जानकारी प्राप्त भएमा उद्योग दर्ता गर्ने निकायले सो उद्योग बन्द भएको जानकारी अभिलेखमा राख्नुपर्नेछ ।

(४) उपनियम (१) बमोजिम बन्द भएको उद्योग पुनः सञ्चालन गर्नुपर्ने भएमा उद्योगीले पुनः सञ्चालन भएको मितिले सात दिनभित्र सोको जानकारी उद्योग दर्ता गर्ने निकायलाई दिनुपर्नेछ ।

१०. <u>दर्ता खारेज गर्ने:</u> (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भई उद्योगको दर्ता खारेज गर्नुपर्ने भएमा त्यस्तो उद्योगले देहायको विवरण

र कागजात सहित अनुसूची– ११ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ –

(क) साझेदारी फर्म,प्राइभेट लिमिटेड,पब्लिक लिमिटेड उद्योग भएमा मान्यताप्राप्त मूल्याङ्कनकर्ताबाट तयार गरिएको उद्योगको जायजेथाको मूल्याङ्कन प्रतिवेदन तर एकल संचालक भएको प्राइभेट लिमिटेड र प्रइभेट फर्मको हकमा मूल्यांकन प्रतिवेदन पेश गर्नुपर्ने छैन,

(ख) उद्योगमा कार्यरत श्रमिक लगायतका सम्पूर्ण कर्मचारीको दायित्व फरफारक सम्बन्धी विवरण,

(ग) उद्योगको अन्य दायित्व फरफारक प्रतिवेदन,

(घ) लिक्वीडेटर नियुक्त भएको भए त्यस्तो लिक्वीडेटरले पेश गरेको उद्योगको खारेजी सम्बन्धी प्रतिवेदन,

(ङ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(च) उद्योग दर्ता प्रमाणपत्रको सक्कल प्रति,

(छ) प्रचलित कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने निकायको हकमा अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(ज) उद्योगको विरुद्ध कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन नरहेको भनी सम्बन्धित उद्यमीले गरेको स्वःघोषणा ।

तर उद्योगले तिर्नु बुझाउनु पर्ने दायित्वको सम्बन्धमा कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन रहेकोमा त्यस्तो मुद्दाको अन्तिम किनारा हुँदाका बखत ठहर्न सक्ने दायित्व बराबरको रकम उद्योग दर्ता गर्ने

निकायमा धरौटीको रुपमा जम्मा गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कसैको निवेदन परेमा उद्योग दर्ता गर्ने निकायले सो उद्योगसँग कसैको कुनै प्रकारको लेनदेन बाँकी भए पैतीस दिनभित्र सोको प्रमाण सहितको लिखित दावी उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्न उद्योगको प्रकृति हेरी सम्बन्धित उद्योगलाई आदेश दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम प्रकाशित सूचनामा सो अवधिभित्र कसैको दावी परी जाँचबुझ गर्दा त्यस्तो दावी पूर्ण वा अंशिक रुपमा ठीक ठहरिएमा ठहरे बमोजिमको दायित्व फरफारख गर्न उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगलाई आदेश दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम उद्योग दर्ता गर्ने निकायले दिएको आदेश अनुसार सम्बन्धित उद्योगले दायित्व फरफारख गरेको देखिएमा उद्योग दर्ता गर्ने निकायले सात दिनभित्र सो उद्योगको दर्ता खारेज गरी लगतकट्टा गर्नु पर्नेछ ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (३) बमोजिम उद्योग दर्ता गर्ने निकायले दिएको आदेश बमोजिम फरफारखको कार्य सम्पन्न नभएसम्म त्यस्तो उद्योगको दर्ता खारेजी वा लगत कट्टा हुने छैन ।

(६) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम प्राइभेट फर्म, साझेदारी फर्म वा कम्पनीको रुपमा दर्ता भएको उद्योगको हकमा सम्बन्धित कानूनले लिक्विडेशन वा दर्ता

खारेजीको व्यवस्था गरेको भएमा सोही कानून बमोजिम लिक्विडेशन वा दर्ता खारेजीको काम सम्पन्न गरी सो काम सम्पन्न भएको मितिले सात दिनभित्र उद्योग दर्ता गर्ने निकायलाई जानकारी गराउनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम जानकारी प्राप्त भएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योग लिक्विडेशन वा दर्ता खारेजी भएको अभिलेख गरी सोको लगत कट्टा गर्नुपर्नेछ ।

११. <u>उद्योगको स्थिर पूँजी वा क्षमतामा परिवर्तन वा हेरफेर गर्न स्वीकृति लिनुपर्नेः</u> (१) कुनै उद्योगले ऐनको दफा १४ उपदफा (३) बमोजिम उद्योगको स्थिर पूँजी परिवर्तन वा हेरफेर वा उद्योगको क्षमतामा परिवर्तन गर्न चाहेमा उद्योग दर्ता गर्ने निकाय समक्ष देहायका विवरण वा कागजात सहित अनुसूची– १२ को ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) प्रचलित कानून बमोजिम लेखापरीक्षण गराउनु पर्ने निकायको हकमा अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) अनुसूची– ९ बमोजिमको उद्योगको अद्यावधिक विवरण,

(घ) निवेदक कम्पनी भए कम्पनी दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(ङ) निवेदक साझेदारी फर्म भए साझेदारी फर्म दर्ताका प्रमाणपत्र तथा साझेदार बीचको सम्झौताको प्रतिलिपि र संयुक्त निवेदन,

(च) निवेदक प्राइभेट फर्म भए प्राइभेट फर्म दर्ताका प्रमाणपत्र,

(छ) अन्य कुनै निकायको सहमति वा सिफारिस आवश्यक पर्ने भए त्यस्तो निकायको सहमतिपत्र वा सिफारिसपत्र ।

(ज) स्वीकृत वातावरणीय प्रतिवेदन ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गरी उद्योगको हाल कायम रहेको स्थिर पूँजी वा उद्योगको क्षमतामा परिवर्तन वा हेरफेर गर्न निवेदन परेको मितिले पन्ध्र दिनभित्र स्वीकृति दिन सक्नेछ ।

तर बोर्डको स्वीकृति लिई स्थापना भएका उद्योगको स्थिर पूँजी परिवर्तन वा हेरफेर गर्न वा उद्योगको क्षमतामा परिवर्तन वा हेरफेर गर्नु परेमा बोर्डको पूर्व स्वीकृति आवश्यक पर्नेछ । बोर्डले सो सम्बन्धमा तीस दिनभित्र निर्णय गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम स्वीकृति दिनु अघि उद्योग दर्ता गर्ने निकायले आवश्यकता अनुसार उद्योगको स्थलगत निरीक्षण गर्न वा गराउन सक्नेछ ।

१२. <u>बोर्डको अन्य काम र कर्तव्यः</u> ऐनको दफा १७ मा उल्लेख गरिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रदेशको औद्योगिक विकास सम्बन्धमा मधेश प्रदेश सरकारले समय समयमा दिएको निर्देशन पालना गर्नु बोर्डको कर्तव्य हुनेछ ।

१३. <u>औद्योगिक क्षेत्रको स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्थाः</u> ऐनको दफा २० बमोजिम तोकिएको औद्योगिक क्षेत्रभित्र स्थापना हुने उद्योग

र उक्त उद्योगलाई उपलब्ध गराइने सेवा, सुविधा तथा सहुलियत सम्बन्धी व्यवस्था गर्न सक्नेछ।

१४. <u>**विशेष आर्थिक क्षेत्र घोषणा गर्न सक्ने:**</u> (१) ऐनको दफा २१ बमोजिम मधेश प्रदेश सरकारले मधेश प्रदेश भित्रको कुनै भाग वा स्थानलाई विशेष आर्थिक क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) मधेश प्रदेश सरकारले उपनियम १ बमोजिम घोषणा गरेका विशेष आर्थिक क्षेत्रलाई प्रदान गर्ने सेवा, सुविधा तथा सहुलियत त्यस्तो विशेष आर्थिक क्षेत्र घोषणा गर्दाका बखत मधेश प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपनियम २ मा जुनसुकै कुरा लेखिएको भए तापनि मधेश प्रदेश सरकारले उपनियम (२) बमोजिम सहुलियतमा समय समयमा हेरफेर गर्न सक्नेछ ।

## परिच्छेद– ३

## <u>उद्योगलाई प्रदान गरिने छुट,सुविधा तथा सहुलियत सम्बन्धी व्यवस्था</u>

१३. <u>**निर्यात कर्जा सम्बन्धी व्यवस्था:**</u> (१) मन्त्रालयले ऐन बमोजिमको निर्यात कर्जा उपलब्ध गराउने प्रयोजनका लागि आवश्यकता अनुसार कोष वा अन्य उपयुक्त संयन्त्र खडा गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको कोष वा संयन्त्रको स्थापना, सञ्चालन, काम, कर्तव्य तथा अधिकार मन्त्रालयले कार्यविधि जारी गरी तोके बमोजिम हुनेछ ।

१४. <u>**महिला उद्यमीको लागि थप सुविधा:**</u> (१) ऐनको दफा २४ को उपदफा (३) बमोजिम महिला उद्यमीले कुनै औद्योगिक क्षेत्रभित्र

उद्योग स्थापना गर्न चाहेमा त्यस्ता महिला उद्यमीलाई देहायको छुट तथा सहुलियत सहित औद्योगिक क्षेत्रभित्र स्थान उपलब्ध गराइनेछः-

(क) अन्य प्रतिस्पर्धी उद्योगले गर्ने लगानीभन्दा तेत्तीस प्रतिशतसम्म कम रकम लगानी गरेको भए पनि,

(ख) औद्योगिक क्षेत्रभित्रको स्थान प्रयोग गरे वापत उद्योगले तिर्नुपर्ने भाडा वा बहाल प्रतिस्पर्धाबाट निर्धारण गरिने भएमा बीस प्रतिशतसम्म कम रकम कबोल गरेको भए पनि ।

(२) महिला उद्यमीको मात्र स्वामित्व रहेको उद्योगले आफ्नो उत्पादन निर्यात गर्ने प्रयोजनका लागि कर्जा आवश्यक परेमा उद्योग दर्ता गर्ने निकाय मार्फत सो निकायको सिफारिस सहित मन्त्रालय वा नियम १३ बमोजिमको कोष वा संयन्त्र समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको निवेदन पेश गर्दा उद्योगको वित्तीय स्थिति समेतको विवरण खुलाउनु पर्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिम पेश भएको निवेदनका आधारमा मन्त्रालय वा नियम १३ बमोजिमको कोष वा संयन्त्रले निवेदन पेश भएको पन्ध्र दिन भित्र निर्यात कर्जा उपलब्ध गराउने वा नगराउने सम्बन्धी निर्णय गरी सोकोजानकारी निवेदकलाई दिनु पर्नेछ।

१५. <u>सहजीकरण गर्न सक्नेः</u> (१) देहायको कुनै उद्योगले आफूलाई आवश्यक पर्ने जग्गा आफैंले खरिद गर्न नसकेमा त्यस्तो जग्गा खरिद

गर्न वा जग्गा उपलब्ध गराइदिन उद्योग दर्ता गर्ने निकाय समक्ष लिखित रुपमा अनुरोध गर्न सक्नेछः-

(क) राष्ट्रिय तथा मधेश प्रदेश सरकारको प्राथमिकता प्राप्त उद्योग,

(ख) आफ्नो उत्पादन वा सेवाको कम्तीमा साठी प्रतिशत उत्पादन वा सेवा विदेशमा  निर्यात गर्ने उद्योग,

(ग) कम्तीमा दुई सय जना व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उद्योग,

(घ) स्थिर पूँजी रु. तीन अर्ब रुपैयाँ भन्दा बढी लगानी गर्ने उद्योग,

(ङ) कम्तीमा पचास प्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित वा आयातीत कच्चा पदार्थ भए कम्तीमा पचास प्रतिशत मूल्य अभिवृद्धि हुने मझौला र ठूला उद्योग ।

(२) उपनियम (१) बमोजिम अनुरोध भई आएमा उद्योग दर्ता गर्ने निकायले जग्गा प्राप्तिका लागि सम्बन्धित निकायबीच समन्वय र सहजीकरण गर्नेछ।

१६. <u>जग्गा सम्बन्धी व्यवस्थाः</u> (१) ऐनको दफा २६ को उपदफा (१) बमोजिम देहायको कुनै प्रकृतिको उद्योग सञ्चालन गर्ने उद्यमीले उद्योग सञ्चालनको लागि जग्गा खरीद गर्न नसकेमा सोही व्यहोरा खुलाई जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिन उद्योग दर्ता गर्ने निकाय समक्ष अनुसूची– १३ को ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।

१. उर्जामूलक उद्योग,

२. कृषि तथा वन पैदावारमा आधारित उद्योग,

३. निर्माण उद्योग,

४. निर्यातमूलक उद्योग,

५. पर्यटन उद्योग,

६. खनिज उद्योग, पेट्रोलियम तथा प्राकृतिक ग्यास तथा इन्धन अन्वेषण तथा उत्पादन गर्ने उद्योग,

७. घरेलु उद्योग

(२) उपनियम (१) बमोजिमको निवेदन पेश गर्दा देहायको विवरण र कागजात संलग्न गर्नुपर्नेछः-

(क) उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) उद्योगले वस्तु उत्पादन गर्न छुट्टै अनुमतिपत्र आवश्यक पर्ने भए त्यस्तो अनुमतिपत्रको प्रतिलिपि,

(ग) अनुसूची– २ बमोजिमको उद्योगको परियोजनाको विवरण,

(घ) उद्योगका लागि आवश्यक पर्ने जग्गाको क्षेत्रफल, स्थान र आधार,

(ङ) अन्य कुनै निकायबाट अनुमति आवश्यक पर्ने भए सो अनुमतिपत्र,

(च) उद्योगलाई जग्गा आवश्यक परेको प्रयोजन,

(छ) सम्बन्धित स्थानीय तहको सिफारिस,

(२) उपनियम (१) बमेजिम उद्योग दर्ता गर्ने निकायले जग्गा खरिद वा जग्गा उपलब्ध गराउन आवश्यक समन्वय र सहजीकरण गर्ने छ।

१७. <u>लिजमा जग्गा उपलब्ध गराउनेः</u> (१) मधेश प्रदेश सरकारको प्राथमिकता प्राप्त कुनै उद्योग सञ्चालन गर्न सरकारी जग्गा आवश्यक

पर्ने भएमा सम्बन्धित उद्योगले उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ ।मधेश प्रदेश सरकारले नेपाल सरकारसँग समन्वय गरी आवश्यक जग्गा उपलब्ध गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन पेश गर्दा देहायको विवरण र कागजात सहित उद्योग दर्ता गर्ने निकाय समक्ष अनुसूची–१४ को ढाँचामा निवेदन दिन सक्नेछ ।

(क) उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) उद्योग स्थापना वा संचालनका लागि छुट्टै अनुमतिपत्र आवश्यक पर्ने भए त्यस्तो अनुमतिपत्रको प्रतिलिपि,

(ग) अनुसूची– २ बमोजिमको उद्योगको परियोजनाको विवरण,

(घ) उद्योगका लागि आवश्यक पर्ने जग्गाको क्षेत्रफल, स्थान र आधार,

(ङ) अन्य कुनै निकायबाट अनुमति आवश्यक पर्ने भए सो अनुमतिपत्र,

(च) उद्योगले जग्गा लिजमा लिनुपर्ने कारणहरु,

(छ) सम्बन्धित स्थानीय तहको सिफारिस,

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा उद्योग दर्ता गर्ने निकायले आवश्यकता अनुसार त्यस्तो जग्गाको स्थलगत निरीक्षण समेत गरी यकिन राय सहित निर्णयार्थ मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१८. <u>सुरक्षा प्रदान गर्नेः</u> (१) प्रचलित कानूनको अधीनमा रही मधेश प्रदेश सरकारले औद्योगिक प्रतिष्ठानहरुमा शान्ति तथा सुरक्षा कायम गर्न

प्रत्येक औद्योगिक क्षेत्रमा आवश्यक संख्यामा सुरक्षाकर्मी खटाउने व्यवस्था मिलाउन सक्नेछ ।

(२) कुनै उद्योगले असुरक्षाका कारण उद्योग सञ्चालन गर्न कठिनाई परेको भनी सुरक्षा माग गरेमा मधेश प्रदेश सरकारले त्यस्तो उद्योग वा त्यस्तो उद्योग रहेको औद्योगिक क्षेत्रमा आवश्यकता अनुसार थप सुरक्षाकर्मी खटाउन सक्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मधेश प्रदेश सरकारले सम्बन्धित उद्योगहरुको अनुरोधमा देहायको प्रयोजनको लागि छुट्टै सुरक्षा व्यवस्था मिलाउन सक्नेछः-

(क) औद्योगिक मेला, प्रदर्शनी तथा अन्य औद्योगिक समारोह आयोजना गर्न,

(ख) उद्योगमा भएको बन्द, हड्तालको समयमा हुन सक्ने आगजनी, तोडफोड तथा लुटपाट नियन्त्रण गर्न,

(ग) उद्योग, प्रतिष्ठान रहेको इलाकामा हुन सक्ने सम्भावित सुरक्षा चुनौतीको सामना गर्न ।

(४) दुई अर्ब रुपैयाँ भन्दा बढी लगानी भएका वा एक सय जना भन्दा बढी व्यक्तिलाई रोजगारी दिने उद्योगले सुरक्षा जनशक्तिको लागत खर्च आफैंले व्यहोर्ने गरी आफ्नो उद्योगको सुरक्षाको लागि छुट्टै सुरक्षाकर्मी उपलब्ध गराउन सम्बन्धित जिल्ला सुरक्षा समिति मार्फत् मधेश प्रदेश सरकारसँग अनुरोध गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम छुट्टै सुरक्षाकर्मीको व्यवस्थाको लागि अनुरोध भई आएमा मधेश प्रदेश सरकारले आवश्यक शर्त तथा मापदण्ड तोकी सम्बन्धित जिल्ला सुरक्षा

समितिको सिफारिसमा त्यस्तो उद्योगलाई आवश्यक सुरक्षाकर्मी उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद – ४

## एकल बिन्दु सेवा केन्द्रको स्थापना तथा सञ्चालन

१९. एकल बिन्दु सेवा केन्द्रको स्थापनाः (१) प्रदेशमा दर्ता भएका उद्योगले ऐन र यस नियमावली बमोजिम प्राप्त गर्ने सेवा, छुट, सुविधा वा सहुलियत र उद्योगका लागि आवश्यक पर्ने सेवा समयमै सरल र सहज रुपमा एकै थलोबाट उपलब्ध गराउन मधेश प्रदेश सरकारले एकल बिन्दु सेवा केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको एकल बिन्दु सेवा केन्द्रमासम्बन्धित मन्त्रालयले तोकेको मातहतको निकायहरुको निकायगत प्रतिनिधित्व हुनेछ ।

(३) मधेश प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी उपनियम (२) बमोजिमको निकायगत प्रतिनिधित्वमा हेरफेर गर्न सक्नेछ ।

(४) उद्योग विभागका प्रमुखले केन्द्र प्रमुखको रुपमाकार्य गर्नेछन् ।

(५) केन्द्रले आफ्नो संस्थागत व्यवस्था, कर्मचारी तथा कार्यविधि आफै निर्धारण गर्नेछ ।

(६) मधेश प्रदेश सरकारले आवश्यकता अनुसार कुनै गाउँपालिका वा नगरपालिका‌मा समेत एकल बिन्दु सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न सक्नेछ ।

२०. <u>एकल बिन्दु सेवा केन्द्रको शाखा कार्यालयः</u> केन्द्रले सेवाग्राहीलाई सहज तथा सरल रुपमा सेवा उपलब्ध गराउन आवश्यकता अनुसार प्रदेश भित्रका मुख्य मुख्य स्थानहरुमा शाखा कार्यालय समेत स्थापना गर्न सक्नेछ।

२१. <u>एकल बिन्दु सेवा केन्द्र रहने स्थानः</u> (१) नियम १९ को उपनियम (१) बमोजिमको केन्द्र अर्को व्यवस्था नभएसम्म उद्योग विभागको परिसरमा हुनेछ ।

(२) नियम २० को उपनियम (६) बमोजिम कुनै गाउँपालिका वा नगरपालिकामा एकल बिन्दु सेवा केन्द्र स्थापना भएको अवस्थामा त्यस्तो केन्द्र सोही गाँउपालिका वा नगरपालिकाको कार्यालय परिसरमा रहनेछ ।

(३) एकल बिन्दु सेवा केन्द्रको काम कर्तब्य र अधिकार ऐनको दफा ३२ बमोजिम हुनेछ।

## परिच्छेद– ५
## <u>रुग्ण उद्योग</u>

२२. <u>रुग्ण उद्योग पहिचानका मापदण्डः</u> (१) मधेश प्रदेश सरकारले प्रदेश ऐन बमोजिम दर्ता तथा सञ्चालनमा आएका देहायको कुनै आधार विद्यमान रहेको उद्योगलाई रुग्ण उद्योगको रुपमा पहिचान गर्न सक्नेछः

(क) ऋणको साँवा ब्याज तिर्न नसकेको,

(ख) पछिल्लो तीन वर्ष पारविन्दु (ब्रेक इभन पोइन्ट) भन्दा तल्लो अवस्थामा उत्पादन भएको,

(ग) प्राकृतिक प्रकोप वा अन्य कुनै काबू बाहिरको अवस्थाले उद्योग सञ्चालन हुन नसकेको,

(घ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय औद्योगिक वा वाणिज्य सम्बन्धी नीतिगत व्यवस्थामा परिवर्तन भई उद्योगको उत्पादनले राष्ट्रियस्तरमा वा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गर्न नसकेको ।

२३. <u>रुग्ण उद्योग पहिचान गर्ने तरिकाः</u> (१) व्यावसायिक उत्पादन वा कारोवार सञ्चालन गरेको मितिदेखि कम्तीमा पाँच वर्षसम्म निरन्तर रुपमा सञ्चालन रही नियम २२ मा उल्लिखित कुनै अवस्थामा रहेको उद्योगले आफ्नो उद्योगलाई रुग्ण उद्योगको रुपमा पहिचान गराउन चाहेमा नियम २६ बमोजिम गठित विशेषज्ञ समितिले तोकेको समयावधिभित्र सो समिति समक्ष अनुसूची–१५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन साथ उद्योगले उद्योग सञ्चालनका लागि थप स्वपूँजी लगानी सम्बन्धी व्यवसायिक योजना पेश गरेको हुनु पर्दछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर सम्बन्धित उद्योगले पेश गरेको विवरण वा कागजात तथा स्थलगत अनुगमन समेतको आधारमा जाँचबुझ गराई प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदन र उपनियम (२) बमोजिम उद्योगले पेश गरेको व्यवसायिक योजना समेतका आधारमा विशेषज्ञ समितिले सम्बन्धित उद्योगलाई रुग्ण उद्योगको रुपमा पहिचान गर्न मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्राप्त सिफारिस अनुसार कुनै उद्योगलाई रुग्ण उद्योगको रुपमा पहिचान गर्न मनासिव देखिएमा मन्त्रालयले अर्थ मन्त्रालय समेतको सहमति लिई त्यस्तो उद्योगको रुपमा पहिचान गर्न मधेश प्रदेश सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

२४. <u>रुग्ण उद्योगको वर्गीकरणः</u> (१) देहायको अवस्थामा रहेको उद्योगलाई पूर्ण रुग्ण उद्योग मानिनेछः

(क) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारण बाहेक पछिल्लो तीन वर्षदेखि लगातार घाटामा सञ्चालन भई उद्योगको पूँजी (इक्विटी) सत्तरी प्रतिशतभन्दा बढीले कमी भएको,

(ख) पछिल्लो तीन वर्षसम्म लगातार जडित क्षमताको बीस प्रतिशतभन्दा कम क्षमतामा सञ्चालनमा रहेको,

(ग) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारण बाहेक अन्य कुनै कारणले पछिल्लो तीन वर्षसम्म उद्योग पूर्ण रुपमा बन्द रहेको,

(घ) ऐन तथा नियमावली बमोजिम मधेश प्रदेश सरकारले कुनै छुट, सुविधा वा सहुलियत दिँदा बढीमा पाँच बर्षभित्रमा नाफामा सञ्चालन हुन सक्ने देखिएको ।

(२) देहायको अवस्थामा रहेको उद्योगलाई रुग्ण उद्योग मानिनेछः

(क) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारण बाहेक पछिल्लो तीन वर्षदेखि लगातार घाटामा सञ्चालन भई

उद्योगको पूँजी (इक्विटी) पचास प्रतिशतभन्दा बढीले कमी भएको,

(ख) पछिल्लो तीन वर्षसम्म लगातार जडित क्षमतामा पच्चीस प्रतिशतभन्दा कम क्षमतामा सञ्चालनमा रहेको,

(ग) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारण बाहेक अन्य कुनै कारणले पछिल्लो तीन वर्षसम्म उद्योग पूर्ण रुपमा बन्द रहेको,

(घ) ऐन तथा नियमावली बमोजिम मधेश प्रदेश सरकारले कुनै छुट, सुविधा वा सहुलियत दिँदा बढीमा तीन वर्षभित्रमा नाफामा सञ्चालन हुन सक्ने देखिएको ।

(३) देहायको अवस्थामा रहेको उद्योगलाई रोगोन्मुख उद्योग मानिनेछः

(क) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारण बाहेक पछिल्ला तीन वर्षदेखि लगातार घाटामा सञ्चालन भई उद्योगको पूँजी (इक्विटी) तीस प्रतिशतभन्दा बढीले कमी भएको,

(ख) पछिल्लो तीन वर्षसम्म लगातार जडित क्षमतामा तीस प्रतिशतभन्दा कम क्षमतामा सञ्चालनमा रहेको,

(ग) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारण बाहेक अन्य कुनै कारणले  पछिल्लो एक वर्षदेखि उद्योग पूर्ण रुपमा बन्द रहेको,

(घ) ऐन तथा नियमावली बमोजिम मधेश प्रदेश सरकारले कुनै छुट, सुविधा वा सहुलियतदिँदा बढीमा दुई वर्षभित्रमा नाफामा सञ्चालन हुन सक्ने देखिएको ।

(४) यस नियम बमोजिम रुग्ण उद्योगको वर्गीकरण गर्दा उद्योगको व्यावसायिक योजना वा कार्ययोजना, उद्योगले विगतमा गरेको उत्पादन एवं उद्योगको लेखापरीक्षण प्रतिवेदन समेतलाई आधार लिनु पर्नेछ ।

२५. <u>रुग्ण उद्योगले पाउने अन्य छुट, सुविधा वा सहुलियत:</u> (१) मधेश प्रदेश सरकारले रुग्ण उद्योगको पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापनका लागि ऐनको दफा ३५ मा उल्लेख गरिए देखि बाहेक देहाय बमोजिमको छुट, सुविधा वा सहुलियत उपलब्ध गराउन वा सोको लागि आवश्यक सिफारिस गर्न सक्नेछः

(क) साविकको कर्जालाई सहुलियत कर्जा (सफ्ट लोन) मा रुपान्तरण गर्न सम्बन्धित वित्तीय संस्थालाई सिफारिस गर्ने,

(ख) साविकको कर्जाको व्याज तथा हर्जाना छुट दिन सम्बन्धित वित्तीय संस्थालाई सिफारिस गर्ने,

(ग) उद्योगलाई आवश्यक पर्ने मेशिनरी औजार वा उपकरण वा कच्चा पदार्थको आंशिक वा पूरै आयातमावा उत्पादित सामान निर्यात वा विक्रीमा मधेश प्रदेश सरकारद्वारा लगाइएको महसुल, शुल्क वा करमा पूर्ण वा आंशिक छुट वा सहुलितय दिने,

(घ) प्रचलित प्रदेश कानून बमोजिम लाग्ने कर, शुल्क वा जरिवानामा निश्चित अवधिसम्म आंशिक वा पूरै छुट दिने।

(२)उपनियम (१) बमोजिम उद्योगलाई छुट, सुविधा वा सहुलियत उपलब्ध गराउँदा रुग्ण उद्योगहरुको वर्गीकरणका आधारमा छुट, सुविधा वा

सहुलियतको मात्रामा फरक फरक हुने गरी त्यस्तो छुट, सुविधा वा सहुलियत उपलब्ध गराउन वा सोको लागि सम्बन्धित वित्तीय संस्थालाई सिफारिस गर्न सकिनेछ ।

२६. **विशेषज्ञ समितिको गठनः** (१) रुग्ण उद्योगको पहिचान, वर्गीकरण र पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापनका लागि मधेश प्रदेश सरकारलाई सुझाव दिन मधेश प्रदेश सरकारको कम्तीमा राजपत्रांकित प्रथम श्रेणी वा एघारौं तह वा सो सरहको पदमा कार्यरत वा सेवा निवृत्त कुनै विज्ञको संयोजकत्वमा मधेश प्रदेश सरकारको सम्बन्धित द्वितीय श्रेणी वा सो सरहको पदाधिकारी र उद्योग, वाणिज्य, बैकिङ्ग वा आर्थिक क्षेत्रका विज्ञहरु समेत समावेश गरी पाँच सदस्यीय एक विशेषज्ञ समितिको गठन गर्न सक्नेछ।

(२) विशेषज्ञ समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) उपनियम (१) बमोजिम समितिले कार्य सम्पादन गर्दा आवश्यकता अनुसार अन्य निकायका प्रतिनिधि वा विज्ञलाई बैठकमा आमन्त्रण गरी राय परामर्श लिन सक्नेछ।

(४) विशेषज्ञ समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गर्न सक्नेछ ।

(५) विशेषज्ञ समितिको लागि आवश्यक पर्ने सेवा, सुविधा मन्त्रालयले उपलब्ध गराउनेछ।

२७. <u>विशेषज्ञ समितिको काम, कर्तव्य र अधिकार:</u> (१) नियम २६ बमोजिम गठित विशेषज्ञ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) रुग्ण उद्योगको पहिचान गर्न त्यस्तो उद्योगको भौतिक एवम् वित्तीय अवस्थाको बारेमा विश्लेषण गर्ने,

(ख) उद्योगको वास्तविक स्थितिको पहिचान गर्न उद्योगकोस्थलगत अध्ययन गर्ने,

(ग) रुग्ण उद्योगको पहिचान, वर्गीकरण, पुनरुत्थान तथा व्यवस्थापनका लागि मधेश प्रदेश सरकारले अवलम्वन गर्नु पर्ने उपायका सम्बन्धमा प्रतिवेदन तयार गरी सुझाव सहित मन्त्रालय समक्ष पेश गर्ने ।

## परिच्छेद– ६

## <u>विविध</u>

२८. <u>विवरण दिनुपर्ने:</u> (१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र देहायका विवरण वा कागजात उद्योग दर्ता गर्ने निकाय मार्फत सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।

(क) प्रचलित कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने निकायको हकमा लेखापरीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) स्वीकृत र जडित क्षमता,

(घ) अनुसूची– ९ बमोजिमको ढाँचामा तयार गरेको अद्यावधिक विवरण ।

(२) उपनियम (१) बमोजिमको विवरण वा कागजात उद्योग दर्ता गर्ने निकायले निर्धारण गरेको तरिका अनुसार विद्युतीय माध्यमबाट पनि पेश गर्न सकिनेछ ।

